# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

नेपाल राष्ट्र बैंकले आज केन्द्रीय कार्यालय बालुवाटारमा देशको समसामयिक आर्थिक, मौद्रिक तथा वित्तीय स्थितिका बारेमा पत्रकार भेटघाट आयोजना गऱ्यो ।

कार्यक्रममा गभर्नर डा. युवराज खतिवडाले देशको सरकारी वित्त स्थिति काबु बाहिर नगएको, राजस्व सङ्कलन र बजेटको नियमित खर्च अपेक्षित रुपमै भइरहेको चर्चा गर्दै वैदेशिक सहायताको परिचालन बढाउन नसक्दा पूँजीगत खर्च बढ्न नसकेको बताउनुभयो ।

केन्द्रीय बैंकको सन्तुलित मौद्रिक नीतिका कारण देशको मौद्रिक स्थिति अनुशासित नै रहेको उल्लेख गर्दै गभर्नर डा. खतिवडाले उत्पादनमूलक क्षेत्रतर्फको मौद्रिक विस्तारमा वृद्धि गर्दै लैजानुपर्ने आवश्यकता औंल्याउनुभयो ।

अमेरिकी डलरसँगको विनिमयदर स्थिर जस्तै रहेको र करिब ८ महिनाको आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम रहनुले नेपाल विदेशी विनिमय स्थायित्व कायम गर्न सफल रहेको उल्लेख गर्दै गभर्नर डा. खतिवडाले घरजग्गा कारोबार र उद्योगधन्दामा आएको शिथिलताका कारण वित्तीय सेवा क्षेत्रको प्रगति सन्तोषजनक रुपमा हुन नसकेको बताउनुभयो ।

वित्तीय क्षेत्रको महत्वपूर्ण सूचकको रुपमा रहेको पूँजीकोष औसतमा सबै वर्गका बैंक तथा वित्तीय संस्थाहरुमा पर्याप्त रहेको र तरलता स्थिति पनि सबल रहेको जानकारी दिँदै गभर्नर डा. खतिवडाले पहिलेको खुकुलो नियमन व्यवस्थालाई कडाइ गरेका कारण कृत्रिम निक्षेप निरुत्साहित भई समग्र बैंकिङ क्षेत्रको निक्षेप वृद्धिदर कम देखिएको स्पष्ट गर्नुभयो ।

आर्थिक तथा बैंकिङ क्षेत्रको समाचार सम्प्रेषण गर्दा सञ्चारकर्मी बढी यथार्थ र तथ्यपरक हुनुपर्नेमा जोड दिँदै गभर्नर डा. खतिवडाले गलत समाचारबाट जनसाधारणमा पर्न सक्ने प्रभावको मूल्याङ्कन गरी आर्थिक समाचार बाहिर आउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

शोधनान्तर घाटाका सम्बन्धमा सञ्चारकर्मीले सोधेको जिज्ञासाको जवाफमा गभर्नर डा. खतिवडाले हाल चालु खाता भन्दा पूँजी खाता र वित्तीय खाता घाटामा रहेकोले समग्र शोधनान्तर स्थिति घाटामा रहेको बताउनुभयो । वैदेशिक सहयोग परिचालन बढाएर यसमा सुधार ल्याउन सकिने भए तापनि यो वर्षको रु. ९ अर्ब शोधनान्तर बचत लक्ष्य पूरा हुने स्थिति भने नरहेको बताउनुभयो ।

डेपुटी गभर्नरद्वय श्री गोपालप्रसाद काफ्ले तथा श्री महाप्रसाद अधिकारीका साथै विभागीय प्रमुखहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा विभिन्न सञ्चार माध्यमका ५० जना पत्रकारहरुको सहभागिता रहेको थियो ।

मितिः २०६८ जेठ ४ गते

गभर्नरको कार्यालय